जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १०६ २०८२ साल मंसिर ६ गते शनिबार (22 Nov 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विस्तृत शान्ति सम्झौताको..:. ३ पृष्ठमा : शान्ति प्रक्रियालाई शीघ्र ... ३ पृष्ठमा बङ्गलादेशमा ५.५ म्याग्निच्युडको...

# प्रतिबन्धित लागुऔषध गाँजासहित ट्रक चालक पक्राउ






**दैनिक समाचारदाता राजविराज, ५ मंसिर ।**
ठूलो परिमाणको प्रतिबन्धित लागुऔषध गाँजासहित सप्तरी प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ ।

बिहीबार राति १०:३० बजेको समयमा जिल्लाको कञ्चनरुप नगरपालिका २ बरमझियाबाट प्रहरीले ९ सय ७८ किलो गाँजासहित ट्रक चालक सुनसरीको धरान उपमहानगरपालिका १३ का २५ बर्षीय संजय श्रेष्ठलाई नियन्त्रणमा लिएको हो ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग हुँदै फत्तेपुरबाट भारदहतर्फ जाँदै गरेको ना.५ख. ५३५ नम्बरको ट्रक रोकेर चेकजाँच गर्दा ट्रकमा फल्सबटम बनाई २८ वटा सेतो बोरा भित्र प्लाष्टिकले प्याक गरेको अवस्थामा ९ सय ७८ केजी गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरी र इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेको कमाण्डमा खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाका आधारमा चेकजाँच गर्दा उक्त परिमाणको गाँजा, ट्रक र ट्रक चालक श्रेष्ठलाई नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका ट्रक चालकलाई शुक्रबार सप्तरी जिल्ला अदालतबाट लागु औषध कसुरमा सात दिनको म्याद थप गराई घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक पुरीले जानकारी दिए ।

## तोकिएकै मितिमा निर्वाचन हुन्छ : मन्त्री घिसिङ

**दैनिक समाचारदाता जनकपुरधाम, ५ मंसिर ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कूलमान घिसिङले घोषित मितिमै प्रतिनिधिसभा सदस्य निर्वाचन हुने बताएका छन् ।

शुक्रबार जनकपुरधाममा पत्रकारहरूसँग सङ्क्षिप्त कुरा गर्दै उनले सरकार प्रतिबद्ध भएर चुनावको तयारीमा सरकार लागेकाले चुनाव हुनेमा ढुक्क रहन सबैलाई आग्रह गरे । उनले अगामी फागुन २१ गतेका लागि घोषणा गरिएको निर्वाचनको वातावरण बन्दै गएको र जनता निर्वाचनका लागि उत्साहित रहेको आफूले पाएको बताए ।

मन्त्री घिसिङले सरकार सम्पूर्ण शक्ति लगाएर चुनावको तयारीमा लागेकाले चुनाव हुनेमा ढुक्क रहन र यस कार्यमा आवश्यक सहयोग गर्न आग्रहसमेत गरे । उनले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गराउन आवश्यक परे सेना परिचालन गर्न सकिने उल्लेख गर्दै सामान्य विवादले चुनाव हुँदैन कि भनेर नसोच्न सबैलाई अपिल गरे ।

## सात दलद्वारा अतिआवश्यक सेवाबाहेक सबै काम रोक्न माग

**दैनिक समाचारदाता जनकपुर, ५ मंसिर ।**
मधेस प्रदेशमा आन्दोलनरत सात दलले वर्तमान मुख्यमन्त्री सरोजकुमार यादवले अदालतको निर्णय नआउँदासम्म तलब, भत्ता र अति आवश्यक सेवाबाहेक सबै काम रोक्न माग गरेका छन् ।

शुक्रबार सात दलका प्रतिनिधिहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिवलाई ध्यानाकर्षणपत्र बुझाउँदै सो माग गरेका हुन् ।

ती दलले सर्वोच्च अदालतमा चलिरहेको मुद्दा टुङ्गिनुअघि प्रदेश सरकारलाई कुनै पनि निर्णय, नियोजन वा कार्यान्वयन नगर्न समेत आग्रह गरेका छन् ।

ध्यानाकर्षणपत्रमा मधेस प्रदेश सरकार गठन प्रक्रिया असंवैधानिक भएको दाबी गर्दै मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकोले कुनै काम नगर्न आग्रह गरिएको छ ।

अदालतले अन्तिम फैसला नदिउन्जेल प्रदेश सरकारले सामान्य प्रशासनिक कामबाहेक नयाँ योजना, नियुक्ति, बजेट खर्च, नीति निर्णयजस्ता गतिविधि रोक्नुपर्ने सात दलको माग छ ।

## लाइसेन्स विवरणको जानकारी अब फेसबुकबाटै

काठमाडौँ, ५ मङ्सिर (रासस) ।
यातायात व्यवस्था विभागले छपाइ गरी वितरणका लागि तयार भएका सवारी चालक अनुमतिपत्र ( लाइसेन्स)को विवरण अब फेसबुकमा राख्ने भएको छ ।

विभागले बिहीबार एक सूचना जारी गरी सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने जानकारी गराएको छ ।

विभागले जारी गरेको सूचनामा भनिएको छ, "सवारी चालक अनुमतिपत्र छपाइका लागि अनलाइन फारम भरी 'एप्रुभ' भएपश्चात ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भन्ने जानकारी यसअघि प्रणाली ध्वस्त हुनुअघि आउने गरेको थियो । अब सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने छ ।"

यसअघि यस्ता लाइसेन्सको जानकारी प्रणालीमार्फत ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भनेर सन्देश पठाउने गरिएको थियो । तर जेनजी आन्दोलनमा उक्त प्रणाली ध्वस्त भएको थियो । फेसबुक पेजमा विवरणसहितको नाम समावेश भएको अवस्थामा आवेदनहरू सक्कल राजस्व रसिद र पुरानो सवारी चालक अनुमतिपत्र लिई विभागमा उपस्थित हुन पनि विभागले अनुरोध गरेको छ ।

## मतदाताको उमेरको निर्दिष्ट समय निर्धारण

काठमाडौँ, ५ मङ्सिर (रासस) ।
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मतदताको उमेरको निर्दिष्ट समय (कट अफ डेट) निर्धारण गरेको छ ।

आयोगले आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने मितिलाई निर्दिष्ट समय कायम हुने निर्णय गरेको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने मतदाताको विवरण यही मङ्सिर

*बाँकी अन्तिम पृष्ठमा*

## निर्वाचनमा नेपाली सेना परिचालन गर्न सिफारिस

काठमाडौँ, ५ मङ्सिर (रासस) ।
आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गरिएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बिहीबार बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेना परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरिएको रक्षा मन्त्रालयका सचिव एवं राष्ट्रिय सुरक्षा परिषद्का सदस्य सचिव सुमनराज अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

बिहीबारको बैठकमा राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभाव तथा चुनौती र अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा छलफल भएको थियो ।

साथै राष्ट्रिय सुरक्षा परिषद्को आठौँ वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को मस्यौदामाथि छलफल भएको थियो । उक्त मस्यौदामा आवश्यक संशोधनसहित स्वीकृति गरी नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रपतिसमक्ष पेस गर्नेसमेत निर्णय भएको जनाइएको छ ।

**रक्तदान जीवनदान ।**

- रगतको अभावले वर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
- ३–४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, वरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।

रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### शौचालयबिहीन आधुनिक हटियाको निर्माण

राजविराज नगरपालिका क्षेत्र भित्र अहिले पनि पार्किङको अभाव देखिएको छ । नगरलाई व्यवस्थित गर्न थोरै प्रयास गरिएपनि पार्किङ जस्तो संवेदनशिल विषयमा कुनै ठोस निकास निकाल्न सकिएको छैन् । जिल्ला सदरमुकाम रहेपनि यस नगरमा पार्किङको अभावले विभिन्न प्रकारका यातायातका साधनहरु सडक छेउमै पार्किङ गर्नु पर्ने बाध्यता छ ।

यस्तै पर्याप्त शौचालयको अभाव पनि उत्तिकै छ । केही सार्वजनिक शौचालय रहेपनि त्यो पनि तोकिएकै समयमा खुल्ने र बन्द हुने गरेको छ । शौचालय जस्तो कुरामा पनि समयसीमा तोकिनु आफैमा लाजमर्दो हो । यसप्रति पनि पालिका गम्भिर बन्न सकेको छैन् । पर्याप्त शौचालय नहुँदा मानिसहरु सडकको छेउमै दिसापिसाब गर्न बाध्य छन् । हाल निर्माणधिन अवस्थामा रहेको हटिया बजारमा समेत एउटै शौचालय निर्माण गरिएको छैन् । करोडौं रुँपैयाको लागतमा निर्माण हुन लागेको आधुनिक हटियामा एउटा पनि शौचालय निर्माण हुन नसक्नु यो पनि पालिकाको हेलचक्राइ नै हो । दैनिक हजारौं व्यक्ति किनमेल गर्न आउने हटियामा एउटा पनि शौचालय निर्माण गर्न सक्नु भनेको हास्यास्पद नै हो ।

यस्ता सानातिना तथा गम्भिर विषयमा नगरपालिकाले हेलचक्राई गर्दै जानु भनेको विकासीय कार्यमा गम्भिर नहुनु नै हो । तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग नगरपालिकालाई व्यवस्थित ढंगले विकास गर्न सम्पूर्ण नगरपालिकासहित सबै नगरवासी सचेत हुनुपर्छ ।

# विस्तृत शान्ति सम्झौताको १९ वर्ष ‘पीडित न्यायको प्रतिक्षामै’

**कालिका खड्का**

काठमाडौँ, ५ मङ्सिर (रासस) ।

नेपालमा चलेको दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको शुक्रबार १८ वर्ष पूरा भएको छ तर द्वन्द्वमा प्रत्यक्ष प्रभावित भएका पीडितले अहिलेसम्म न्याय पाउन सकेका छैनन् ।

विसं २०५२ फागुन १ देखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ बीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भएको थियो ।

शान्ति सम्झौतापछि देशमा राजनीतिक परिवर्तन भयो । हतियार व्यवस्थापन तथा तत्कालीन माओवादीका लडाकु व्यवस्थापनजस्ता महत्वपूर्ण काम पूरा भयो तर यति लामो प्रतीक्षापछि पनि द्वन्द्वपीडितले न्याय र पीडकले सजाय पाएका छैनन् । द्वन्द्वपीडितको त्यति ठूलो माग पनि छैन । बेपत्ता व्यक्तिको सत्यतथ्य सार्वजनिक गरियोस् । घाइतेलाई उपचारको व्यवस्था होस् । त्यसपछि जीविकाका लागि रोजगार र पढ्नेका लागि शिक्षा भए पुग्छ ।

द्वन्द्व पीडित साझा चौतारी नेपालका संस्थापक अध्यक्ष सुमन अधिकारीलाई पीडितलाई अब न्याय दिन ढिलाइ गर्न हुँदैन भन्ने लागेको छ । ऐन संशोधन भएर अघि बढेको हुनाले पीडित केही आशावादी भएको महसुस उहाँलाई भएको छ । “दश वर्ष लागेर भए पनि ऐन संशोधन भयो, केही कमीकमजोरी पनि छ, धेरै कुरा राम्रा छन्, राम्रा कुरा अघि बढाएर कमीकमजोरी सच्याउँदै लैजाने हो”, उहाँले भन्नुभयो, “सिफारिस समितिले प्रक्रिया अघि बढाएको छ, छनोट प्रक्रियामा सक्षम र काम गर्न सक्ने मान्छे ल्याउनुपर्‍यो, नत्र सबै प्रयास खेर जान्छ, पीडितलाई धोका हुन्छ ।”

सिफारिस भएका पदाधिकारीले पीडितलाई केन्द्रमा राखेर राष्ट्रको जिम्मेवारी हो भनेर काम गर्नुपर्ने जरुरी रहेको उहाँको भनाइ छ । “समाधान दिनसक्ने र समाजले पत्याएका व्यक्तिहरू ल्याउन जरुरी छ”, द्वन्द्वपीडितसमेत रहनुभएका अधिकारीले थप्नुभयो, “ती पदाधिकारीलाई सबै दल र सरकाले सहयोग गर्‍यो भने शान्ति प्रक्रियाको काम पूरा हुन्छ र पीडितले न्याय पाउँछन् ।” सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोहीका तर्फबाट करिब १७ हजारको ज्यान गएको थियो ।

**विस्तृत शान्ति सम्झौतामा के थियो ?**

नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं ५, २ र ३ मा दुबै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवार जनलाई बुझाउने उल्लेख छ ।

विस्तृत शान्ति सम्झौतामा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको छ ।

शान्ति सम्झौताअनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गर्‍यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बनेका थिए ।

नेपालको संविधानअनुसार दुई वर्षभित्र सम्पूर्ण कामसक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न सकेन । ती पदाधिकारीलाई बिदाइ गरेर २०७९ साउन १ गतेदेखि दुवै आयोग पदाधिकारीविहीन भएपछि २०८२ वैशाख ३० गते सरकारले चार वर्षका लागि नयाँ पदाधिकारी नियुक्ति गरेको छ ।

**छुटेका १५ हजार उजुरी सङ्कलन भएको छ : सदस्य डा ढकाल**

सत्यनिरुपण तथा मेलमिलाप आयोगका सदस्य डा टीकाप्रसाद ढकालले आफूहरूले २०८२ जेठ ५ गते पदबहाली गर्नेबित्तिकै छुटेका उजुरीका लागि आह्वान गर्दा १५ हजारभन्दा बढी उजुरी सङ्कलन भएको बताउनुभयो ।

आयोगले गठन भएपछिको छ महिनाको अवधिका छुट उजुरी १५ हजारभन्दा सङ्कलन गरेको छ । कोषको नियमावली तर्जुमा गरी कोषको सञ्चालन गरेको छ । आयोगको नियमावली २०८२ को तर्जुमा गरेको छ । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छ । पुराना उजुरीहरूको ठेगाना तय गरेको छ । आयोगले आफ्नो चारवर्षे रणनीतिक योजनासमेत बनाएको छ ।

“यौन हिंसामा परेका पीडितको न्यायका लाग परामर्श गरेर सैद्धान्तिक, नीगिगत र कानुनी आधारभूत पूरा भएको छ”, सदस्य ढकालले भन्नुभयो, “आयोगको नियमाली, २०८२ र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण दुवै कानुन मन्त्रालयबाट अहिले मन्त्रिपरिषद् जाने तयारीमा छ ।”

**सत्य अन्वेषण र परिपूरणमा विशेष काम गरिरहका छौँः आयोगका प्रवक्ता पोखरेल**

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका प्रवक्ता सिर्जना पोखरेलले सत्य अन्वेषण र परिपूरणका कामलाई विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो । “नयाँ पदाधिकारी आएदेखि सत्य अन्वेषण र परिपूरणको कामलाई प्राथमिकता दिएर गरिरहेका छौँ, कोष सञ्चालनसम्बन्धी नियमावली पास भएर काम गर्न सुरु भएको छ”, प्रवक्ता पोखरेलले भन्नुभयो, “राज्य र गैरराज्य पक्षबाट भएका पीडितको राहत परिपूरण कोषको व्यवस्था भएको छ ।” आयोगले सत्य अन्वेषणको कार्यदिशा तयार गरिरहेका र उजुरीमाथि अनुसन्धान गरिरहेका जनाएको छ ।

आयोगमा तीन हजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको छ । त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ । साथै, २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखेको छ । आयोगले दुई हजार ४९६ उजुरीमा विस्तृत छानबिन गरिरहेको छ । उजुरीका आधारमा दुई हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ । लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन), २०८१ भएपछि दुवै आयोगमा चार वर्षका लागि नयाँ पदाधिकारी आएर काम सुरु गरको करिब छ महिना भएको छ ।

**पीडितको सन्तुष्टिलाई ध्यानमा राखेर काम गर्नुपर्छ : आयोगका प्रवक्ता डा. पोखरेल**

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले विस्तृत शान्ति सम्झौताको कार्यान्वयन सम्बन्धमा अनुगमन गरी समयसमयमा प्रतिवेदन प्रकाशन गर्दै आएको र आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीहरू उपर आयोगले अनुसन्धान, निर्णय र सिफारिसहरू गरिरहेको बताउनुभयो ।

“आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानवअधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ”, आयोगका प्रवक्ता डा पोखरेलले भन्नुभयो, “द्वन्द्वकालीन उजुरीउपरका सिफारिसहरू कार्यान्वयन गर्न र सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउँदा पीडितको सन्तुष्टिमा ध्यान केन्द्रित गर्न आयोग भनिरहेको छ ।”

आयोगले पीडितले आफ्ना उजुरीको गोपनीयतामा शङ्का गरेको, न्याय प्राप्तिमा ढिलाइ हुँदा थप पीडा महसुस भएको, आयोगहरूको गठन प्रक्रियामा आफूहरूसँग पर्याप्त छलफल नभएको, कतिपयले निःशुल्क उपचार नपाएको, द्वन्द्वपीडितको विषयमा सरकार र दल गम्भीर नभएको, जेनजी आन्दोलनपश्चात् आफ्ना अधिकारका सवाल छायाँमा पर्ने सम्भावना रहेको जनाएको छ ।

“सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरू घरदैलोमा पुग्न नसकेको, अझै पनि कतिपय पीडितका उजुरीहरू दर्ता छुटेको, द्वन्द्वपीडितका विषयलाई आफ्नो स्वार्थ पूरा गर्ने विषय बनाइको, यौनजन्य हिंसाको सवालमा गोपनीयताको आशङ्का देखिएका कारण कतिपयले उजुरी दर्ता नगराएको देखिन्छ”, प्रवक्ता डा पोखरेलले भन्नुभयो, “पीडितहरूमा निरासा बढ्दै गएको, अधिकांश पीडितले अझै पनि परिचयपत्र नपाएको, कतिपय ठाउँमा अझै पनि वास्तविक पीडित पहिचान हुन नसकेको, बेपत्ता भएकाहरूको मृत्युसंस्कार र सम्पत्तिको हस्तान्तरण लगायतमा समस्या भएको हो ।”

आयोगले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका विषयमा पनि मतैक्यता हुन नसकेको तथा राहत, परिपूरणको प्राप्ति र मेलमिलापको वातावरण समेत बनाउन नसकिएको जस्ता गुनासाहरू पीडितहरूले आयोगको अनुगमन टोलीसमक्ष राखेका जनाएको छ । विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा हुँदा पनि पीडितले न्यायको अनुभूति गर्न पाएका छैनन् । सरकारले बनाएको सिफारिस समितिले समयमा पदाधिकारी सिफारिस गरेर काम अघि बढाउन जरुरी छ । सङ्क्रमणकालीन न्यायको दुवै आयोगलाई सरकार र राजनीतिक दलले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्‍याउनका लागि ठोस कदम चाल्नुपर्ने जरुरी देखिन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुर्‍याउन आयोगको आग्रह

काठमाडौँ, ५ मङ्सिर (रासस)। राष्ट्रिय मानव अधिकार आयोगले शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुर्‍याउन सरकारसँग आग्रह गरेको छ।

विस्तृत शान्ति सम्झौताको भएको १९ वर्ष पुगेको सन्दर्भमा शुक्रबार आयोगमा प्रवक्ता डा टीकाराम पोखरेल जारी गरेको प्रेस विज्ञप्तिमा पीडितले राखेका गुनासाहरूको तत्काल सम्बोधन गर्न, राष्ट्रिय मानव अधिकार आयोगले यसअघि गरेका द्वन्द्वकालीन उजुरीहरूउपरका सिफारिसहरू कार्यान्वयन गर्न र सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउँदा पीडितको सन्तुष्टिमा ध्यान केन्द्रित गर्न नेपाल सरकारलाई आग्रह गरेको छ।

नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताबाट प्रारम्भ भएको शान्ति प्रक्रियाको १९ वर्ष भएको छ। विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका केही कार्य पूरा भए तापनि द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने कार्य पूरा हुन नसक्दा पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार कुण्ठित बन्न पुगेको आयोगको ठहर छ।

आयोगले पीडितले आफ्ना उजुरीको गोपनीयतामा शङ्का गरेको, न्याय प्राप्तिमा ढिलाइ हुँदा थप पीडा महसुस भएको, आयोगहरूको गठन प्रक्रियामा आफूहरूसँग पर्याप्त छलफल नभएको, कतिपयले निःशुल्क उपचार नपाएको, द्वन्द्वपीडितको विषयमा सरकार र दल गम्भीर नभएको, जेन्जी आन्दोलनपश्चात् आफ्ना अधिकारका सवाल छायाँमा पर्ने सम्भावना रहेको जनाएको छ।

“सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरू घरदैलोमा पुग्न नसकेको, अझै पनि कतिपय पीडितका उजुरीहरू दर्ता छुटेको, द्वन्द्वपीडितको विषयलाई आफ्नो स्वार्थ पूरा गर्ने विषय बनाइको, यौनजन्य हिंसाको सवालमा गोपनीयताको आशङ्का देखिएका कारण कतिपयले उजुरी दर्ता नगराएको, पीडितहरूमा निराशा बढ्दै गएको छ”, विज्ञप्तिमा भनिएको छ, “अधिकांश पीडितले अझै पनि परिचयपत्र नपाएको, कतिपय ठाउँमा अझै पनि वास्तविक पीडित पहिचान हुन नसकेको, बेपत्ता भएकाहरूको मृत्युसंस्कार र सम्पत्तिको हस्तान्तरण लगायतमा समस्या भएको छ।”

आयोगले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका विषयमा पनि मतैक्यता हुन नसकेको तथा राहत, परिपूरणको प्राप्ति र मेलमिलापको वातावरणसमेत बनाउन नसकिएको जस्ता गुनासाहरू पीडितहरूले आयोगको अनुगमन टोलीसमक्ष राखेका जनाएको छ।

आयोगले विस्तृत शान्ति सम्झौताको कार्यान्वयन सम्बन्धमा अनुगमन गरी समय समयमा प्रतिवेदन प्रकाशन गर्दै आएको छ। आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीहरूउपर आयोगले अनुसन्धान, निर्णय र सिफारिसहरू गर्दै आइरहेको छ। तर आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था रहेको जनाएको छ।

# विस्तृत शान्ति सम्झौताको १९ वर्ष : द्वन्द्वपीडित न्यायविहीन

ललितपुर, ५ मङ्सिर (रासस)। विस्तृत शान्ति सम्झौताको १९ वर्ष पूरा हुँदासम्म पनि द्वन्द्वपीडित न्यायविहीन हुनुपरेको भन्दै सरोकारवालाहरूले चासोसँगै चिन्ता व्यक्त गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगले शुक्रबार यहाँ आयोजना गरेको ‘सङ्क्रमणकालीन न्यायको अवस्था र अबको बाटो’ विषयक अन्तरक्रियामा आयोगका सदस्य मिहिर ठाकुरले लोकतन्त्र वा गणतन्त्र जे भने पनि सरकारले नागरिकप्रतिको दायित्व पूरा गर्ने विषयमा गम्भीर हुन सकेको छैन भन्ने आरोप लगाउनुभयो। “शान्ति सम्झौता भएको १९ वर्ष भयो, तर द्वन्द्वपीडितले अझै न्याय नपाएको अवस्था छ”, उहाँले भन्नुभयो।

उहाँले द्वन्द्वकालमा भएका घटनाको न्यायिक निराकरणका लागि राष्ट्रपति र प्रधानमन्त्रीले संयुक्त रूपमा सबै पूर्वराष्ट्रप्रमुखहरूसँग छलफल गरेर निकासका लागि पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मानव अधिकार आयोगका सदस्य मनोज दुवाडीले विस्तृत शान्ति सम्झौता भएको ६० दिनभित्र प्राप्त गर्नुपर्ने न्याय द्वन्द्वपीडितले १९ वर्षसम्म नपाएको कुराले न्यायको हक हनन भएको बताउनुभयो। “न्याय अधिकार हो, निगाह र बक्सिस हैन, सशस्त्र द्वन्द्वमा भएको मानवअधिकार हननको घटनामा न्याय दिलाउन नागरिक समाजले दबाब दिएर पीडितलाई राहत दिलाउन लाग्नुपर्ने अवस्था छ”, उहाँले भन्नुभयो।

उहाँले सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा अहिलेका पदाधिकारी नियुक्त भएको छ महिना हुँदासम्म पनि आयोगबाट पीडितका पक्षमा केही काम नभएको भन्दै रोष प्रकट गर्नुभयो।

आयोगका उपसचिव श्यामबाबु काफ्लेले सरकारी वकिलको कार्यालयमा द्वन्द्वपीडितसँग परामर्श गर्न परामर्शदाता नै नभएको बताउनुभयो।

मानव अधिकारकर्मी भोजराज तिमल्सिनाले शान्ति सम्झौता भएको ६० दिनभित्र सम्पन्न हुने भनिएको काम कहिले सम्पन्न हुन्छ भन्ने प्रश्न उब्जिएको बताउनुभयो। उहाँले सत्ताको लोभमा राज्य व्यवस्था नै भागबण्डामा चल्दा द्वन्द्वपीडित न्याय पाउन नसकेर अलमलमा परेका छन् भन्नुभयो।

# एमालेको राष्ट्रिय स्वयंसेवक फोर्स केन्द्रीय ‘कमाण्ड’ घोषणा

काठमाडौँ, ५ मङ्सिर (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ) केन्द्रीय ‘कमाण्ड’ घोषणा गरिएको छ।

एमाले जनसङ्गठन समन्वय संयन्त्रद्वारा शुक्रबार यहाँ आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत नेता तथा कार्यकर्ताको उपस्थितिमा सातै प्रदेशका प्रतिनिधित्व रहने गरी ‘कमाण्ड’ घोषणा गरिएको हो। पुष्पराज श्रेष्ठको संयोजकत्वमा एघार सदस्यीय टोली रहेको छ।

संयन्त्रका संयोजक भानुभक्त ढकालले फोर्सको केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी सदस्यको नाम घोषणा गर्नुभयो। टोलीमा सहसंयोजकसहित केशव रोका, लव अधिकारी यादव, जयराम लामा, विदुर शर्मा, सागर भट्ट, सञ्जीव धिताल, विनिता काफ्ले रहनुभएको छ। टोलीलाई पार्टीका अध्यक्ष ओलीले बधाई दिँदै सपथसमेत गराउनुभयो।

फोर्समा पार्टीका विभिन्न जनसङ्गठनबाट प्रतिनिधित्व हुने र ती सङ्गठनबाट जिम्मेवारी लिइसकेका व्यक्तिलाई पनि समावेश गरिने नेता ढकालले बताउनुभयो। कार्यक्रममा एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतले सामाजिक सुरक्षाका लागि फोर्सले काम गर्ने बतउनुभयो।

गत असोज १५ गते भक्तपुरको गुण्डुमा उक्त फोर्स घोषणा कार्यक्रममा केन्द्रीय टोली सार्वजनिक गर्ने जनाइएको थियो।

# राष्ट्रिय स्वयंसेवक फोर्सले सङ्कट र विपत्तिमा सघाउँछ : अध्यक्ष ओली

काठमाडौँ, ५ मङ्सिर (रासस)। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नवगठित राष्ट्रिय स्वयंसेवक फोर्स (एनभिएफ)ले मुलुकमा सङ्कट र विपत्ति पर्दा जनताको सुरक्षा तथा सहयोगका लागि काम गर्ने बताउनुभएको छ।

सो सङ्गठनको केन्द्रीय कमाण्डको घोषणा गर्न शुक्रबार बबरमहलमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले यो कसैका विरुद्ध नभइ हिंसा र अराजकताविरुद्ध गठन गरिएको बताउनुभयो। यसले जनधनको रक्षा, औद्योगिक प्रतिष्ठानको सुरक्षामा सहयोग पुर्‍याउने उल्लेख गर्दै उहाँले सुरक्षा निकाय र सामाजिक संस्थासँग मिलेर काम गर्ने बताउनुभयो।

अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाको पुनःस्थापनाबाट मुलुकको राजनीतिक निकास हुन्छ भन्ने पार्टीको अडान दोहर्‍याउनुभयो। कार्यक्रममा राष्ट्रिय युवा सङ्घका पूर्वउपाध्यक्ष पुष्पराज श्रेष्ठको संयोजकत्वमा राष्ट्रिय स्वयंसेवक फोर्सको केन्द्रीय कमाण्ड घोषणा गरिएको थियो।

## विश्व समाचार

### बङ्गलादेशमा ५.५ म्याग्निच्युडको भूकम्प, कम्तीमा ६ जनाको मृत्यु

ढाका, ५ मङ्सिर (रासस/एपी)।

शुक्रबार मध्य बङ्गलादेशमा आएको ५.५ म्याग्निच्युडको भूकम्पले कम्तीमा छ जनाको ज्यान गएको र दर्जनौँ नागरिक घाइते भएको अधिकारीहरूले बताएका छन्। राजधानी ढाकाका धेरै भवनहरू भूकम्पको कम्पनले हल्लिएपछि त्रसित बासिन्दाहरू घरबाट बाहिर निस्केर सडकतर्फ दौडिएका थिए।

भूकम्प स्थानीय समयानुसार बिहान १०:३८ बजे ढाकाबाट करिब २५ किलोमिटर (१६ माइल) टाढा रहेको नरसिङ्गडी जिल्लाको घोरसाल क्षेत्रमा गएको हो। युएस जियोलोजिकल सर्वे (युएसजिएस) का अनुसार भूकम्पको केन्द्रमुनि करिब १० किलोमिटर (६ माइल) गहिराइमा रहेको थियो।

ढाकास्थित डिबिसी टेलिभिजनले कम्तीमा छ जनाको मृत्यु भएको पुष्टि गरेको छ। ढाकामा विभिन्न भवनका छाना तथा पर्खाल खस्दा तीन जनाको निधन भएको तथा अर्को तीन जना पैदलयात्री भवनको रेलिङ खस्दा ती संरचनामुनि परेर मृत्यु भएको बताइएको छ। युएसजिएसका भूकम्प विज्ञहरूका अनुसार भारत र युरेशिया प्लेटहरूको सतत् अन्तरक्रियाका कारण बङ्गलादेशको उत्तरी तथा दक्षिणपूर्वी भाग भूकम्पीय रूपमा सक्रिय क्षेत्र मानिन्छ।

तर देशको मध्य भाग तुलनात्मक रूपमा कम सक्रिय क्षेत्रमा पर्छ, जसकारण यस पटक आएको कम्पन अझ अप्रत्याशित रूपमा अनुभव गरिएको बताइन्छ। बङ्गलादेशी अधिकारीहरूका अनुसार उद्धार तथा क्षति मूल्याङ्कनका कार्य निरन्तर जारी छन्। देशभरका नागरिकलाई सतर्क रहन र सम्भावित परकम्पनबारे सचेत रहन अपिल गरिएको छ।

### काश्मीर टाइम्ससमा आतङ्कवादविरोधी छापा, आरोप ‘आधारहीन’ भन्दै अस्वीकृति

नयाँदिल्ली, ५ मङ्सिर (रासस/एएफपी)।

भारतीय आतङ्कवाद विरोधी एकाइहरूले द काश्मीर टाइम्स कार्यालयमा ‘आपराधिक षड्यन्त्र’ मा संलग्नता भएको आरोपमा बिहीबार राति छापा मारेका छन्। तर समाचार साइटले ती सबै आरोपलाई ‘पूर्णतः आधारहीन’ भन्दै अस्वीकार गरेको छ।

राज्य अनुसन्धान एजेन्सी (एसआइए) का अनुसार काश्मीर टाइम्सले ‘जम्मू-काश्मीरभित्र तथा बाहिर क्रियाशील पृथकतावादी तथा अन्य राष्ट्रविरोधी समूहहरूसँग आपराधिक सम्झौता’ गरेको आशङ्कामा अनुसन्धान केन्द्रित गरिएको हो। सन् १९४७ मा ब्रिटिस शासन अन्त्यसँगै भारत र पाकिस्तानबीच विभाजित काश्मीर क्षेत्रमा निरन्तर तनाव रहँदै आएको छ र दुवै देशले हिमाली क्षेत्रलाई पूर्ण दाबी गर्ने भएकाले परिस्थिति संवेदनशील रहँदै आएको छ।

समाचार आउटलेटले जारी गरेको विज्ञप्तिमा छापा मारिएको कार्यालय विगत चार वर्षदेखि नै बन्द र ‘सञ्चालनबाहिर’ रहेको थियो भनेको छ। सन् १९५४ मा स्थापित काश्मीर टाइम्सले सन् २०२२ मा अर्को कार्यालयमा भएको सरकारी कारबाहीपछि अनलाइन-मात्र प्रकाशनका रूपमा काम गरिरहेको जनाएको छ। “हाम्रा विरुद्ध लगाइएका यी आरोपहरू डर देखाएर चुप गराउने उद्देश्यले गरिएको प्रहार हो”, विज्ञप्तिमा उल्लेख छ।

एसआइएले खोजबिनका क्रममा एउटा रिभल्भर, केही जीवित गोली र खाली कारतूसहरू जफत गरिएको दाबी गर्दै यसले ‘गैरकानूनी कब्जा वा चरमपन्थी समूहहरूसँग सम्भावित सम्बन्ध’ को सङ्केत गरेको बताएको छ। यसै क्रममा एजेन्सीले काश्मीर टाइम्सका मालिक प्रबोध जामवालको निवासमा पनि छापा मारेको छ।

पत्रकार संरक्षण समिति (सिपिजे) ले छापापछि गम्भीर चिन्ता व्यक्त गर्दै यसरी सञ्चारमाध्यमहरूमा बढ्दो दबाब जम्मु-काश्मीरमा पत्रकारिताको स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाउने बताएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले सन् २०१९ मा क्षेत्रको आंशिक संवैधानिक स्वायत्तता खारेज गरेपछि यहाँका धेरै पत्रकारहरूले निरन्तर निगरानी, सोधपुछ, पक्राउ र कार्यालय तथा घरमा छापाजस्ता दवाव खेप्दै आएका छन्।

यता, नोभेम्बर १० मा दिल्लीको लालकिल्ला नजिक भएको घातक कार विस्फोटपछि भारतीय सुरक्षा निकायहरूले सम्पूर्ण काश्मीर क्षेत्रमा ठूलो मात्रामा खोज तथा अनुसन्धान चलाइरहेका छन्। उक्त विस्फोट काश्मीरी आत्मघाती आक्रमणकारीले गराएको भारत सरकारले बताएको छ। तर काश्मीर टाइम्सको कार्यालयमा गरिएको छापा र दिल्ली घटना बीच कुनै सम्बन्ध नभएको अधिकारीहरूले स्पष्ट पारेका छन्।

### पाकिस्तानको रासायनिक कारखानामा भएको विस्फोमाट १२ जनाको मृत्यु

इस्लामावाद, ५ मङ्सिर (रासस/सिन्ह्वा)।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको आवासीय इलाकामा रहेको रासायनिक कारखानामा शुक्रबार विस्फोट हुँदा १२ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको प्रहरीले जनाएको छ।

औद्योगिक शहर फैसलाबादमा स्थानीय समय अनुसार बिहान लगभग ५:३० मा विस्फोट भएको थियो भने विस्पोटले ठूलो आगलागी निम्त्याउँदा कारखाना नजिकैको अन्य सुविधामा फैलिएको प्रहरीलाई उदृत गर्दै, सिन्ह्वाले जनाएको छ।

अग्निनियन्त्रक तथा दमकलकर्मीहरूको सयुक्त नियन्त्रण प्रयासले आगो नजिकैका अन्य घरहरूमा पुग्नबाट रोकेको पनि सिन्ह्वाले उदृत गरेको छ। प्रहरीका अनुसार विस्फोटको प्रभावले छेउछाउका धेरै घरहरूको पर्खाल तथा छतहरु खसेका थिए भने अधिकांश मृतक र घाइते भएका मानिसहरु क्षतीग्रस्त घरका बासिन्दाहरु रहेका छन्।

घाइतेहरूलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको तथा उनीहरु मध्ये धेरैको अवस्था गम्भीर रहेको जनाइएको छ। उद्धार कार्य जारी रहेको उल्लेख गर्दै धेरै मानिसहरू कारखाना भित्र फसेको अनुमान गरिएको हुनाले हताहतको सङ्ख्या बढ्ने आशङ्का गरिएको छ।

# कमला पुल निर्माण तीव्र गतिमा अघि बढाउने मन्त्री घिसिङको प्रतिबद्धता

सिरहा, ५ मङ्सिर (रासस)।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुलको काम तीव्र गतिमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

करिब १४ वर्षअघि ठेक्का सम्झौता भए पनि पुल निर्माण नसकिँदा यहाँका नागरिकले सास्ती खेप्नुपरेको गुनासो आएपछि मन्त्री घिसिङले शुक्रबार स्थलगत अनुगमन गर्नुभएको हो।

मन्त्री घिसिङले भन्नुभयो, “मैले कमला पुलबारे धेरैपटक सुनिरहेको हो, पुल यस क्षेत्र र समग्रमा मधेशको लाइफलाइन हो, कमला पुलको निर्माण विना यो क्षेत्रको समग्र विकास हुन सक्दैन”, उहाँले भन्नुभयो।

मन्त्री घिसिङसँगै युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक विजय जैशी, हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतो, जेन्जी अगुवाहरू सुदन गुरुङ, शिव यादव, पुरुषोत्तम यादवलगायत सम्मिलित टोलीले कमला पुलको संयुक्त अनुगमन गर्नभएको हो। अनुगमनकै क्रममा मन्त्री घिसिङ डुङ्गा चढेर धनुषाबाट सिरहा पुग्नुभएको थियो।

विसं २०६८ जेठमा रु २४ करोड ९१ लाख लागतमा पप्पु लुम्बिनी जेभीसँग पुल निर्माणका लागि सम्झौता भएको थियो। विसं २०७१ मङ्सिरमा निर्माण सम्पन्न हुनुपर्ने पुल हालसम्म सकिएको छैन। पुल निर्माणका सम्झौता हाल नवौं म्याद थपको प्रक्रियामा छ।

विसं २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो। कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ।

मन्त्री घिसिङले विगतमा पुल निर्माणमा भएका अनियमितताको सम्बन्धमा सम्बन्धित निकायले छानबिन गरिरहेको र दोषी देखिएकालाई कानुन बमोजिम कारबाही गरिने प्रतिबद्धता समेत जनाउनुभयो। अनुगमनकै क्रममा मन्त्री घिसिङलाई कमला पुल निर्माण सङ्घर्ष समितिले समेत चाँडो पुल निर्माण गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको थियो।

# सुरक्षण मुद्रण केन्द्रले छापेका लाइसेन्स यातायात व्यवस्था विभागलाई हस्तान्तरण

काठमाडौँ, ५ मङ्सिर (रासस)।

सुरक्षण मुद्रण केन्द्र (सेक्युरिटी प्रिन्टिङ प्रेस)ले पहिलोपटक छपाइ गरेको सवारीचालक अनुमतिपत्र (लाइसेन्स) यातायात व्यवस्था विभागलाई हस्तान्तरण गरेको छ।

क्युआर कोडसहितको लाइसेन्सको परीक्षण सफल भएसँगै केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङगानाले शुक्रबार यातायात व्यवस्था विभागका सूचना तथा प्रविधि निर्देशक केशव खतिवडालाई लाइसेन्स हस्तान्तरण गर्नुभएको हो। पहिलो चरणमा केन्द्रले पाँच सय २० थान लाइसेन्स हस्तान्तरण गरेको छ। दोस्रो चरणको करिब एक हजार २०० आवेदकको तथ्याङ्क केन्द्रलाई प्राप्त भएको र छपाइ निरन्तर भइरहेको छ।

कार्यकारी निर्देशक ढुङ्गानाले विभागले उपलब्ध गराएको तथ्याङ्का आधारमा छपाइ तीव्रगतिमा हुने बताउनुभयो। उहाँले छापिएका नयाँ लाइसेन्सको गुणस्तर परीक्षण गरेर विभागलाई उपलब्ध गराइएको बताउनुभयो। कार्यकारी निर्देशक ढुङ्गानाका अनुसार पब्लिकमा लाइसेन्स पठाउन उपयुक्त छ वा छैन भन्ने विभिन्न मापदण्ड परीक्षण गरिएको छ। नेपालकै ल्याबमा गरेको परीक्षण सफल भएपछि विभागलाई बुझाइएको हो।

विभागका निर्देशक खतिवडाले मुद्रण केन्द्रबाट लाइसेन्स प्राप्त भएसँगै ठूलो समस्या समाधान भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “संस्थाको समस्या समाधान भएको छ, हामी हर्षित छौं। विभागमा विगत चार/पाँच वर्षदेखि लाइसेन्सको समस्या थियो। पछिल्लोपटक सुरक्षण मुद्रण केन्द्रसँग सम्झौता गरेर लाइसेन्स प्राप्त भएको छ। यस कार्यलाई निरन्तरता दिइनेछ।”

लाइसेन्स छपाइका लागि केन्द्र र विभागबीच गत कात्तिक १२ गते सम्झौता भएको थियो। जसअनुसार केन्द्रले छ महिनाभित्र १२ लाख थान लाइसेन्स विभागलाई उपलब्ध गराउनुपर्नेछ। विभागले वैकल्पिक सफ्टवेयर बनाएर दैनिक दुई हजार तथ्याङ्क केन्द्रलाई उपलब्ध गराउन सकिने जनाएको छ। एक महिनाभित्र नयाँ सफ्टवेयर विकास गरिने विभागको भनाइ छ।

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-५ मा रहेको सुरक्षण मुद्रण केन्द्रको भवनमा गत कात्तिक २१ गतेदेखि लाइसेन्स छपाइ सुरु भएको थियो। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले केन्द्रमा रहेको प्रिन्टिङ प्रेसको बटन थिचेर लाइसेन्स छपाइको शुभारम्भ गर्नुभएको थियो।

केन्द्रका कार्यकारी निर्देशक ढुङ्गानाले विभागसँगको सम्झौताअनुसार सुरुको तीन महिना एक लाखका दरले तीन लाख र बाँकी तीन महिनामा नौ लाख गरी १२ लाख लाइसेन्स छपाइ गरिनेछ। केन्द्रले लाइसेन्सका अलावा केही दिनभित्रै हुलाक टिकट छपाइ सुरु गर्ने तयारी गरेको छ। त्यसपछि नागरिकता, अन्तःशुल्क स्टिकर, लालपुर्जा र भिसा स्टिकर छपाइ गर्नेछ।

केन्द्रबाट छपाइ हुने कार्डमा चिप्सको सट्टा क्युआर कोड प्रयोग गरिएको छ। यसमा उच्चस्तरको सुरक्षा प्रणाली रहेका छन्। नयाँ कार्डमा छ तहसम्म सुरक्षा प्रविधि प्रयोग हुनेछ। कार्डमा ३४ प्रकारका सुरक्षा विशेषता रहनेछन्, जसमा केही दृश्य र केही अदृश्य रहनेछन्।

# श्रीपुरार्जको अध्यक्षमा पुनः चतुरनारायण चयन




**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर।**

श्रीपुरार्ज सामुदायिक विकास केन्द्र सप्तरीको सम्पन्न संस्थाको ३० औं बार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट अध्यक्षमा चतुरनारायण चौधरी पुनः चयन भएका छन्।

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरमा शुक्रबार सम्पन्न अधिवेशनबाट अध्यक्षमा चौधरी पुनः चौधरी चयन भएका हुन्।

यस्तै संस्थाको उपाध्यक्षमा सुनिता चौधरी, सचिवमा सुनिलकुमार चौधरी, सहसचिवमा रामकुमार पासवान र कोषाध्यक्षमा सुशिला कुमारी चौधरीलाई चयन गरेको छ।

कार्य समिति सदस्यहरुमा किरणकुमारी चौधरी, दिनेशकुमार चौधरी, योगेन्द्र प्रसाद चौधरी, लालबहादुर चौधरी, रेखाकुमारी चौधरी र उमेशकुमार साहलाई चयन गरिएको जनाएको छ।

यसअघि आयोजित बार्षिक साधारणसभा तथा सातौं अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै बक्ताहरुले उत्पीडित र विपन्न समुदायको सामाजिक उत्थान र विकासमा संस्थाले खेलेको भूमिका प्रशंसनीय रहेको बताएका छन्।

संस्थाका अध्यक्ष चतुरनारायण चौधरीको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा राष्ट्रिय हरवा चरवा अधिकार केन्द्रका केन्द्रीय सदस्य श्रीप्रसाद सदा, सामाजिक अभियन्ता प्रमोद कुमार चालिसे, श्रीपुरार्ज सामुदायिक केन्द्रका टीम लिडर विनोदानन्द चौधरी, दिनेशकुमार चौधरी, श्रीजनशील सामुदायिक विकास केन्द्रका सहजकर्ता किरणकुमारी चौधरी लगायतले आ-आफ्ना धारणा राखेका थिए।

# जलनमा परेका अठार वर्षमुनिका बालबालिकालाई निःशुल्क उपचार गरिने

काठमाडौँ, ५ मङ्सिर (रासस)।

सुष्मा कोइराला मेमोरियल अस्पतालले जलनमा परेका १८ वर्षमुनिका बालबालिकालाई निःशुल्क उपचार गर्ने भएको छ।

अस्पतालका प्रशासन प्रमुख प्रफुल्ल शर्माले आगोले पोलेका तथा अन्य कुनै कारणले जलनमा परेका बालबालिकालाई निःशुल्क उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो। गतवर्ष १४२ बालबालिकालाई निःशुल्क उपचार गरेको पनि उहाँले बताउनुभयो।

अस्पतालका मेडिकल निर्देशक डा सन्तोष भण्डारीले १८ वर्षमुनिका जलनका विरामीलाई शल्यक्रिया, बेड, ड्रेसिङ, औषधिलगायत सेवा निःशुल्क उपलब्ध गराइने बताउनुभयो।

जलनका विरामीलाई उपचार गराउने मुख्य लक्ष्यसहित सन् १९९७ मा स्थापना भएको उक्त अस्पतालले हालसम्म पाँच लाखभन्दा बढी जलनका विरामीलाई उपचार प्रदान गरिसकेको जनाइएको छ।

# जेनजी आन्दोलनका घाइतेद्वारा माइतीघरमा धर्ना

काठमाडौँ, ५ मङ्सिर (रासस)।

जेनजी आन्दोलनका घाइतेहरूले शुक्रबार काठमाडौँको माइतीघरस्थिति सडकमा धर्ना दिएका छन्।

आन्दोलनका क्रममा दमन गर्ने दोषीलाई कारवाहीका साथै मुलुकमा न्याय स्थापना, जेनजी समूहरूको एकता र भ्रष्टाचारको अन्त्य हुनुपर्नेलगायत माग राखेर घाइतेहरूले प्रदर्शन गरेका हुन्।

उनीहरूले आफूहरू कुनै दल विशेषको विरूद्धमा नरहेको स्पष्ट गर्दै आन्दोलनको मर्म र जेनजी समूहहरूको माग बमोजिम सरकारले काम गर्नुपर्नेमा जोड दिएका थिए।

***मतदाताको उमेरका ...***

२० गते आयोगको वेभसाइटमा प्रकाशन गर्ने र त्यसमाथि कुनै त्रूटि वा उजुरी भएमा मङ्सिर २१ देखि २७ गतेसम्म आयोगलाई जानकारी दिन सकिने बताउनुभयो।

विवरण सच्याउने काम सकिएपछि आगामी पुस १५ गते आयोगले मतदाताको अन्तिम नामावाली सार्वजनिक गर्ने प्रवक्ता भट्टराईले बताउनुभयो।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९९७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*